# मिति २०८३/०४/१४ गते जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुमा सम्पन्न धार्मिक अगुवा, सर्वदलीय, सर्वपक्षीय तथा सरोकारवाला निकायहरूको समन्वय तथा सद्भाव बैठकका निर्णय एवं साझा प्रतिबद्धताहरू

१. कपिलवस्तु जिल्लामा विद्यमान धार्मिक, सांस्कृतिक, भाषिक तथा जातीय विविधतालाई साझा सम्पत्तिका रूपमा संरक्षण गर्दै सम्पूर्ण धर्म, जातजाति, भाषा, समुदाय तथा वर्गबीच आपसी सम्मान, सद्भाव, सहिष्णुता, भाइचारा र सामाजिक एकतालाई सुदृढ बनाउन सबै पक्ष संयुक्त रूपमा प्रतिबद्ध रहने।

२. धार्मिक, जातीय वा साम्प्रदायिक द्वेष, घृणा वा असहिष्णुता फैलाउने उद्देश्यले गरिने कुनै पनि अभिव्यक्ति, भाषण, गतिविधि, सभा, जुलुस, प्रदर्शन, उक्साहट वा प्रचार प्रसार नगर्ने तथा यस्ता गैरकानुनी कार्यमा संलग्न जो कोहीलाई प्रचलित कानूनबमोजिम निष्पक्ष र प्रभावकारी कारबाही गर्न सम्बन्धित निकायले आवश्यक प्रक्रिया अघि बढाउने।

३. सामाजिक सञ्जाल, अनलाइन माध्यम तथा सञ्चार माध्यमको जिम्मेवार र मर्यादित प्रयोग गर्दै अफवाह, भ्रामक सूचना, तथ्यहीन सामग्री, धार्मिक वा साम्प्रदायिक भावनामा आँच पुग्ने सामग्री तथा राष्ट्रिय एकतामा प्रतिकूल असर पार्ने कुनै पनि सामग्री प्रकाशन, प्रसारण वा शेयर नगर्ने तथा यस्ता गतिविधिमाथि सम्बन्धित निकायले आवश्यक निगरानी राख्ने र यस्ता गतिविधिमा संलग्न हुने जो कसैलाई कानूनी कारबाहीको व्यवस्था गर्ने।

५. जिल्लाभित्र सञ्चालन हुने धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यक्रममा सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायसँग आवश्यक समन्वय र स्वीकृति लिई शान्तिपूर्ण, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्ने तथा सार्वजनिक शान्ति र सामाजिक सद्भावलाई दृष्टिगत गर्दै अत्यधिक ध्वनि प्रदूषण हुने डिजे (DJ), ब्यान्डबाजा वा उच्च ध्वनि उत्पन्न गर्ने उपकरण प्रयोग नगर्ने।

६. कुनै पनि धार्मिक वा सामुदायिक विवाद, सार्वजनिक शान्ति भङ्ग हुने गतिविधि वा हिंसात्मक घटनामा कानूनको सम्मान, निष्पक्ष र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै दोषी जो कोही भए पनि प्रचलित कानूनबमोजिम कारबाही गर्ने।

७. सबै धर्मका धार्मिक अगुवा, मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च तथा अन्य धार्मिक संस्थाहरूले आफ्ना अनुयायीहरूलाई शान्ति, संयमता, सहिष्णुता, कानूनी शासनको सम्मान तथा सामाजिक सद्भाव कायम राख्न प्रेरित गर्ने र कुनै पनि प्रकारका उत्तेजनात्मक, विभेदकारी वा घृणायुक्त अभिव्यक्ति नगर्न सार्वजनिक रूपमा अपिल गर्ने।

८. सम्पूर्ण धार्मिक अगुवा, राजनीतिक दल, जनप्रतिनिधि, स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज, सञ्चार माध्यम तथा अन्य सरोकारवालाहरूले कपिलवस्तु जिल्लामा धार्मिक सहिष्णुता, सामाजिक सद्भाव कायम राख्दै कुनै पनि प्रकारको धार्मिक, जातीय वा साम्प्रदायिक द्वन्द्व, हिंसा, घृणा, असहिष्णुता तथा कानूनविपरीत गतिविधिलाई पूर्ण रूपमा अस्वीकार गर्दै निरन्तर समन्वय, सहकार्य र साझा जिम्मेवारीका साथ अगाडि बढ्ने सामूहिक प्रतिबद्धता व्यक्त गर्ने।